## खैरहनी नगर कार्यपालिकाको बैठक संख्या १ (आ.व. २०८३/८४)

आज मिति २०८३/०४/२२ गते शुक्रबार बिहानको ०७:३० बजे खैरहनी नगरपालिकाका प्रमुख श्री शशी कुमार खनियाज्यूको अध्यक्षतामा तपसिल बमोजिमका पदाधिकारीहरुको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी तपसिल बमोजिमका प्रस्तावहरुमा छलफल गरियो ।

### तपसिल

| क्र.सं. | पद | नाम, थर | हस्ताक्षर |
|---|---|---|---|
| १. | प्रमुख | श्री शशी कुमार खनिया | |
| २. | उप-प्रमुख | श्री कविता उप्रेती | |
| ३. | सचिव | श्री नेत्रप्रसाद पौडेल | |
| ४. | वडा अध्यक्ष वडा नं. १ | श्री नवराज भुसाल | |
| ५. | वडा अध्यक्ष वडा नं. २ | श्री रोहिणी प्रसाद उप्रेती | |
| ६. | वडा अध्यक्ष वडा नं. ३ | श्री पूर्ण बहादुर गुरुङ | |
| ७. | वडा अध्यक्ष वडा नं. ४ | श्री वेद बहादुर अधिकारी | |
| ८. | वडा अध्यक्ष वडा नं. ५ | श्री छत्रनाथ सुवेदी | |
| ९. | वडा अध्यक्ष वडा नं. ६ | श्री कमल प्रसाद न्यौपाने | |
| १०. | वडा अध्यक्ष वडा नं. ७ | श्री मनेजर महतो | |
| ११. | वडा अध्यक्ष वडा नं. ८ | श्री शंकर कंडेल | |
| १२. | वडा अध्यक्ष वडा नं. ९ | श्री बन्धु राम महतो | |
| १३. | वडा अध्यक्ष वडा नं. १० | श्री चन्द्र बिक्रम चौधरी | |
| १४. | वडा अध्यक्ष वडा नं. ११ | श्री दिपेन्द्र कुमार दराई | |
| १५. | वडा अध्यक्ष वडा नं. १२ | श्री केदार नाथ पन्त | |
| १६. | वडा अध्यक्ष वडा नं. १३ | श्री कुल प्रसाद भुसाल | |
| १७. | कार्यपालिका सदस्य | श्री बुधरमिया चौधरी | |
| १८. | कार्यपालिका सदस्य | श्री गोमा देवी घर्ती | |
| १९. | कार्यपालिका सदस्य | श्री मैया वि.क. | |
| २०. | कार्यपालिका सदस्य | श्री बिक्रमिया चौधरी | |
| २१. | कार्यपालिका सदस्य | श्री आनन्द दराई | |
| २२. | कार्यपालिका सदस्य | श्री विष्णु माया सुनार | |
| २३. | कार्यपालिका सदस्य | श्री दुखिराम दराई | |
| २४. | कार्यपालिका सदस्य | श्री मेनुका परियार | |

Scanned with CamScanner

**खैरहनी नगरपालिका,चितवन**

**नगर कार्यपालिकाको बैठक**

मितिः २०८३/०४/२२ गते, विहान ७:३० बजे

बैठक सङ्ख्याः १ /२०८३-८४

**प्रस्तावहरुः-**

१. खैरहनी नगरपालिकाको स्थानीय दररेट स्वीकृति सम्वन्धमा ।

२. ठेक्काहरुको म्याद थप गर्ने सम्बन्धमा ।

३. विपद् प्रभावितको लागि सुरक्षित आश्रयस्थल (Safe Shelter Home) निर्माणको सहमति दिने सम्वन्धमा।

४. विद्यालयको नाम परिवर्तन गर्ने सम्वन्धमा ।

**निर्णयहरूः**

१. खैरहनी नगरपालिकाको लागि स्थानीय दररेट निर्धारण गर्न गठित स्थानीय दररेट निर्धारण समितिको सिफारिस बमोजिम नै हुनेगरी चालू आर्थिक वर्षको लागि चितवन जिल्ला दररेट समितिले निर्धारण गरेको दररेटलाई नै खैरहनी नगरपालिकाको स्थानीय दररेट कायम गर्ने ।

२. विगतका वर्षहरूमा ठेक्का सम्झौता भई कार्यान्वयनमा रहेका आयोजनाहरूको म्याद थपका लागि निवेदन प्राप्त भएकोमा गत वर्षको जेनजी आन्दोलनको प्रभाव, उच्च मुल्यवृद्धि, निर्माण सामग्रीहरुको अभाव, मध्यपूर्वको युद्धसमेतको कारणबाट निर्माण सम्पन्न हुन नसकेका आयोजनाहरूको लागि निर्माण व्यवसायीको निर्माण सम्पन्न गर्ने प्रतिवद्धता, नयाँ कार्यतालिका (work Schedule), वैंक जमानतहरुको म्याद थपसमेतका सबै कानूनी प्रावधानहरू पूरा गरी संलग्नबमोजिमका आयोजनाहरूको ठेक्का सम्झौताको म्याद २०८३ साल कार्तिक मसान्तसम्मको लागि थप गर्ने ।

३. राप्ति नदी बेसिन बाढी व्यवस्थापन आयोजनाबाट सम्भावित बाढी तथा अन्य प्रकोपबाट जोखिममा पर्नसक्ने नागरिकको लागि निर्माण हुने सुरक्षित आश्रय स्थल (Safe Shelter Home) का लागि खैरहनी नगरपालिका वडा नंबर १० बाट सिफारिस भई आएको आधारमा गठौली स्कुलको जग्गामा आयोजनाबाट कानूनबमोजिम सुरक्षित आश्रय स्थल बनाउनको लागि खैरहनी नगरपालिकाको तर्फबाट सहमति दिने ।

४. खैरहनी नगरपालिका, नगर शिक्षा समितिको मिति २०८३/०३/२१ गतेको बैठकबाट सिफारिस भई आएको खैरहनी नगरपालिका वडा नं. १२ मा अवस्थित श्री चितवन आइरिस इङ्लिस स्कूलको नाम परिवर्तन गरी श्री प्रकृति कम्यूनिटी स्कूल हुनेगरी विद्यालयको नाम परिवर्तन गर्न स्वीकृति दिने ।

-०-

खैरहनी नगरपालिका नगर कार्यपालिकाको कार्यालय खैरहनी, चितवन बागमती प्रदेश २०७३

शशी कुमार खनिया
नगर प्रमुख